**Series RHB**

Code No. **17**
कोड नं.

Roll No.
रोल नं.

Candidates must write the Code on the title page of the answer-book.
परीक्षार्थी कोड को उत्तर-पुस्तिका के मुख-पृष्ठ पर अवश्य लिखें ।

- Please check that this question paper contains **3** printed pages.
- Code number given on the right hand side of the question paper should be written on the title page of the answer-book by the candidate.
- Please check that this question paper contains **6** questions.
- **Please write down the serial number of the question before attempting it.**
- 15 minutes time has been allotted to read this question paper. The question paper will be distributed at 10.15 a.m. From 10.15 a.m. to 10.30 a.m., the students will read the question paper only and will not write any answer on the answer script during this period.
- कृपया जाँच कर लें कि इस प्रश्न-पत्र में मुद्रित पृष्ठ **3** हैं ।
- प्रश्न-पत्र में दाहिने हाथ की ओर दिए गए कोड नम्बर को छात्र उत्तर-पुस्तिका के मुख-पृष्ठ पर लिखें ।
- कृपया जाँच कर लें कि इस प्रश्न-पत्र में **6** प्रश्न हैं ।
- **कृपया प्रश्न का उत्तर लिखना शुरू करने से पहले, प्रश्न का क्रमांक अवश्य लिखें ।**
- इस प्रश्न-पत्र को पढ़ने के लिए 15 मिनट का समय दिया गया है । प्रश्न-पत्र का वितरण पूर्वाह्न में 10.15 बजे किया जाएगा । 10.15 बजे से 10.30 बजे तक छात्र केवल प्रश्न-पत्र को पढ़ेंगे और इस अवधि के दौरान वे उत्तर-पुस्तिका पर कोई उत्तर नहीं लिखेंगे ।

# SUMMATIVE ASSESSMENT – II
# संकलित परीक्षा – II
# NEPALI
# नेपाली

*Time allowed : 3 hours* — *Maximum Marks : 80*

*निर्धारित समय : 3 घण्टे* — *अधिकतम अंक : 80*

**1.** तलका परिच्छेदलाई राम्ररी पढ़ेर तल सोधिएका प्रश्नहरूका उत्तर लेख :

जीवनको आवश्यकताहरू प्राप्त गर्नको निम्ति हामीले दृढ़ इच्छा गरेर कठोर परिश्रम गर्नुपर्छ । यसो गर्नाले मात्र हामी आफ्नो व्यक्तिगत उन्नति गरेर जाति र देशको सेवा अनि उन्नति गर्न सक्छौं । आज विश्वमा जति पनि उन्नति भइराखेको छ, त्यो सबै इच्छासहित अटुट परिश्रम गर्ने व्यक्तिहरूको परिणाम हो । रेल, जहाज, डाक, तार, सिनेमा, रेडियो, टेलिभिजन इत्यादि सबै मानिसहरूकै इच्छा र परिश्रमका फलद्वारा नै आविष्कार हुन सकेका हुन् ।

**प्रश्नहरू :**

(क) जीवनका आवश्यकताहरू प्राप्त गर्नलाई हामीले के गर्नुपर्छ ? 2

(ख) हाम्रो दृढ़ इच्छा र कठोर परिश्रमद्वारा हामीले के गर्न सफल हुन्छौं ? 2

(ग) आज विश्वमा भएका उन्नतिका कारणहरू के हुन् ? 2

(घ) आज विश्वमा विभिन्न आविष्कारहरू हुन सकेका कारणहरू के के हुन् ? 2

(ङ) अर्थलेखी वाक्यमा परिवर्तन गर :
दृढ़ इच्छा, व्यक्तिगत उन्नति । 2

**2.** तलका कुनै ***एक*** विषयमाथि 250 शब्द सम्मको एउटा निबन्ध लेख : 10

(क) प्रकृति र गाउँले जीवन

(ख) अशिक्षा नै गरिबी र अन्धविश्वासको जड़ हो

**3.** (क) तलका शब्दहरूका तीन-तीनवटा अनेकार्थक शब्द लेख : (कुनै दुइ) 2
अर्थ, जाल, कर ।

(ख) पर्यायवाची शब्द लेख : (तीन-तीनवटा मात्र) 2
अद्‌भूत, कातर ।

(ग) विपरीतार्थक शब्द लेख : 2
स्तुति, सार्थक, सम, हार्छ ।

(घ) तलका वाक्यलाई उद्देश्य र विधेयमा छुट्याएर लेख : 2
भाइले भात खान्छ । त्यो पुड़्के मान्छे फूर्तिलो छ ।

(ङ) निर्देशअनुसार वाक्य परिवर्तन गर :

(i) त्यो केटो जसलाई तिमीले देखेका थियौ, हिजो मर्‍यो । (सरल वाक्यमा लेख) 1

(ii) उ बोल्नै नसक्ने गरी रिसायो । (मिश्र वाक्यमा परिवर्तन गर) 2

(iii) त्यो धनी मानिस कञ्जुस छ । (संयुक्त वाक्यमा परिवर्तन गर) 1

**4.** (क) धनमतीको सपना के थियो ? उनी बढ़े मियाँको पञ्चम जननी कसरी हुन पुगिन् ? 2+2=4

(ख) (i) भानुभक्तले रामायणको अनुवाद गर्दा कुन कुन कुरालाई विशेष ध्यान दिएका थिए ? 4

(ii) रघुनाथ भट्टको रामायण भानुभक्तको जस्तो जनप्रिय किन हुन सकेन ? 3

(ग) 'लक्ष्मी — आ ... छ्यामा, हाम्रा मोटापनि व्यस्तै ता हुन् । के गर्नु ?
छ्यामा — नसकिने रहेछ नानी यी मोराहरुसित ! लौ त गएँ ... है ।'

(i) लक्ष्मी र छ्यामाद्वारा उल्लेखित मोराहरु को को हुन् ? 1

(ii) 'नसकिने रहेछ नानी यी मोराहरुसित' भनेर छ्यामाले किन भनी ? 3

(iii) लक्ष्मी र छ्यामालाई यी मोराहरुले साहै सताए जस्ता छन् नि ! तिम्रो विचारमा सही हो त ? 3

(घ) सही उत्तर चुनेर लेख :

(i) धनमतीको जीवन सर्वनाश भएको कारण 1

(अ) धनमतीलाई सुन्दरलालले ठगेर

(ब) धनमतीले नचाहिँदो एक्ट्रेस हुने रहर गरेर

(स) धनमतीलाई कलकत्तामा डाकुहरुले लुटेर

(ii) 'चोखो गफ गर, बा ! मुखको ठट्टा गर्दा दोष लाग्दैन् । हात हालेर चल्नु पो हुन्न ।' 1

(अ) धनमतीले उसित ठट्टा गर्ने केटाहरूलाई भनेकी

(ब) धनमतीको आमाले धनमतीलाई भनेकी

(स) धनमतीको आमाले ठट्टा गर्ने ठिटाहरूलाई भनेकी

**5.** (क) 'गुलाफ जरा छन् चिहान घुसेका
ज्योति सबै छन् छायाऽऽधार ।
योग-वियोगको नृत्यभूमि यो,
जन्म लक्ष्य नै मृत्युकिनार ।'

(i) यो पद्यांश कुन कविताबाट लिइएको हो ? चरनका कवि को हुन् ? 1

(ii) गुलाफ जस्तो जीवन आज किन चिहान घुसेको जरा नास्तो भएको छ भनेर कवि भन्नु हुन्छ ? 2

(iii) यस जगत र यहाँ जन्मनुको लक्ष्य नै कविले के हो भन्नु हुन्छ ? 3

(ख) 'मृत्यु : कामना केहि मेरा' कवितामा कविले मृत्यु कसरी होस् भनी कामना गर्नु भएको छ ? 5

(ग) सप्रसंग व्याख्या गर : 5

म वेस्सरी चिच्याउँदैछु
यो मरुभूमिको बर्बरतामा
एउटा आकाश ओछ्याउँ भनेर
किनभने यो नौलो आकाश
मेरो नौलो देशको एउटा रित्तो मुहार हुनेछ
सिउँदो भरिको रातो सिन्दुर हुनेछ ।

**6.** (क) जुनी र सुरी कहाँका निवासी थिए ? जुनीलाई कुन रोग लागेको थियो अनि त्यो रोग कसरी जाती भयो ? 6

(ख) टोटलाको फूल र सोनाको जीवन कसरी एक समान छ ? सोनाको जीवन नष्ट कसरी भयो ? 6